**प्रस्तावः मिति २०७६/०५/०८ गते आइतबार, ६५ औ बैठक**

१.ठेक्काको म्याद थप सम्वन्धमा

२.कार्यविधि पारित सम्वन्धमा

३.पशु सेवा केन्द्रको घर भाडा सम्झौता सम्वन्धमा

४. जग्गा सट्टापट्टा सम्वन्धमा

५. आर्थिक सहयोग सम्वन्धमा

६. नक्सा अभिलेखीकरण

७. विपद व्यवस्थापन सम्वन्धमा

८. कार्यालयको प्रशासनिक भवन निर्माणको लागि डीपिआर सम्वन्धमा

९. चेपे डयाम सम्वन्धमा

१०. नगरस्तरीय अस्पताल सम्वन्धमा

**निर्णय नं. १ः**

घोराही उपमहानगरपालिकाको तेश्रो नगर सभाबाट आ.व. २०७५/२०७६ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार घोराही उपमहानगरपालिकाको क्षेत्र भित्रका बोलपत्रबाट संचालन भएका तपशिल बमोजिमका योजनाहरु सम्झौता गरेको म्याद भित्र कार्य सम्पन्न गर्न समय अभाव तथा विभिन्न प्राविधिक कारणले सम्पन्न गर्न नसकेको भनि बोलपत्र दाताहरुबाट म्याद थपका लागि निवेदन समेत पेश हुन आएको र व्यहोरा अध्ययन गर्दा मनासिब देखिएकोले कार्यालयलाई थप आर्थिक व्ययभार नपर्ने गरि सार्वजनिक खरिद नियमावली २०६४ (आठौ संसोधन २०७६) बमोजिम म्याद थप गर्ने |

तपशिलः

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम | सम्झौता भएको मिति | कार्यसम्पन्न गर्नु पर्ने मिति | म्याद थप गरिएको मिति | म्याद थप गरिएको अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | ७/२०७५/०७६ | शहिद गेट देखि जिल्ला प्रशासन साम सडक विस्तार | वेस्टर्न डेभलपमेन्ट कन्स्ट्रक्सन प्रा.लि | २०७६/१/२२ | २०७६/३/२५ | २०७६/०९/२५ | ६ महिना |
| २. | ३/२०७५/०७६ | वडा कार्यालय भवन निर्माण वडा नं. १८ | चित्रकला निर्माण सेवा | २०७५/११/१० | २०७६/२/१५ | २०७६/९/१५ | ७ महिना |
| ३. | ५/२०७५/०७६ | वडा कार्यालय भवन निर्माण वडा नं. १९ | गुप्ता रासन सप्लायर्स निर्माण सेवा | २०७६/१/३ | २०७६/३/२५ | २०७६/९/२५ | ६ महिना |
| ४. | ८/२०७५/०७६ | गुम्राह चोक देखि आर्मी व्यारेक जाने बाटो | हरितारा कन्स्ट्रक्सन प्रा.लि. | २०७६/१/१३ | २०७६/३/२५ | २०७६/०९/२५ | ६ महिना |

**निर्णय नं. २:**

घोराही उपमहानगरपालिकाको शिक्षा युवा तथा खेलकुद महाशाखाबाट पेश भएको "शिक्षक दरवन्दी मिलान तथा विद्यालय नक्सांकन सम्वन्धी कार्यविधि २०७६" र कार्यविधि अनुसार दरवन्दी मिलान गरिएका विद्यालयहरुको सुची पारित गर्ने ।

## प्रा वि तथा नि.मा.वि तह तर्फ दरबन्दी थप तथा कटौती भइ कायम भएको विद्यालयको दरबन्दी नामावली

| क्र.स | विद्यालयको नाम | वडा नं | हालको दरबन्दी संख्या | | कटौती हुने दरबन्दी संख्या | | थप हुने दरबन्दी | | कायम हुने दरबन्दी संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रा वि | नि.मा वि | प्रा वि | नि.मा वि | प्रा वि | नि.मा वि | प्रा वि | नि.मा वि | |
| १ | जयशेर मावि रावतगाउँ | ६ | ११ | ३ | ४ | ० | ० | ४ | ७ | ७ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | मा वि जजरागाउँ | ६ | ८ | ३ | ३ | ० | ० | २ | ५ | ५ | |
| ३ | मा वि ढिकपुर | ९ | ९ | ३ | ५ | ० | ० | ० | ४ | ३ | |
| ४ | मा वि रतनपुर | १२ | ५ | ५ | ० | ० | १ | ० | ६ | ५ | |
| ५ | मा वि हापुर बिजौरी | १२ | ६ | ५ | २ | १ | ० | ० | ४ | ४ | |
| ६ | गंगा मावि रामपुर | २ | ८ | ६ | ० | ० | ० | ४ | ८ | १० | |
| ७ | मा वि नयाँगाउँ बुका | २ | ८ | ५ | ० | १ | ० | ० | ८ | ४ | |
| ८ | मा वि झिंगनी | ३ | ८ | ४ | १ | ० | ० | ० | ७ | ४ | |
| ९ | मा वि गोग्ली | ४ | ९ | ४ | ० | ० | १ | २ | १० | ६ | |
| १० | महेन्द्र मा वि धर्ना | ५ | ७ | ४ | ० | ० | १ | १ | ८ | ५ | |
| ११ | बराहक्षेत्र मावि सेवार बनगाउँ | १३ | ८ | ४ | २ | ० | ० | २ | ६ | ६ | |
| १२ | शुभप्रभात मावि घोराही | १४ | ५ | ३ | १ | ० | ० | १ | ४ | ४ | |
| १३ | बालविकास मावि घोराही | १४ | १३ | ० | ० | ० | ३ | १० | १६ | १० | |
| १४ | प प नमूना मावि भरतपुर | १५ | ४ | ११ | ० | ० | ५ | ४ | ९ | १५ | |
| १५ | सरस्वती मावि काठेकोल भरतपुर | १५ | १३ | ३ | ४ | ० | ० | २ | ९ | ५ | |
| १६ | गोरक्ष रत्ननाथ मावि चौघेरा | १७ | १२ | ४ | ५ | ० | ० | १ | ७ | ५ | |
| १७ | मा वि रझेना | १८ | ८ | ८ | ० | ० | ६ | ० | १४ | ८ | |
| १८ | भगवती मावि होडबाड सैघा | १९ | ४ | ४ | ० | ० | ३ | २ | ७ | ६ | |
| १९ | अन्तर्राष्ट्रिय युवावर्ष मावि तोष | १९ | ३ | २ | ० | ० | ० | १ | ३ | ३ | |
| २० | नरदेवी मावि तेघरा | ९ | ८ | ३ | ४ | ० | ० | ४ | ४ | ७ | |
| २१ | जनजागृति मावि लम्डरुवा | १० | ८ | ३ | ३ | ० | ० | १ | ५ | ४ | |
| २२ | बालकल्याण आ वि खैरा | ११ | ७ | १ | ३ | ० | ० | २ | ४ | ३ | |
| २३ | सिद्ध र ना मावि नारायणपुर | १० | १३ | ९ | ८ | ० | ० | ० | ५ | ९ | |
| २४ | मा वि हापुर निघुवार | १२ | ९ | ४ | ३ | ० | ० | २ | ६ | ६ | |
| २५ | मा वि सौडियार | ७ | ११ | ६ | ८ | ० | ० | ० | ३ | ६ | |
| २६ | मा वि हर्नोक | १ | ४ | ४ | ० | ० | ० | १ | ४ | ५ | |
| | **जम्मा** | | **२०९** | **१११** | **५६** | **२** | **२०** | **४६** | **१७३** | **१५५** | |
| १ | मातापवित्रा आ वि शुक्रवार | ७ | ४ | २ | १ | ० | ० | १ | ३ | ३ | |
| २ | ने रा आवि दुन्द्रा | ९ | ६ | ० | ३ | ० | ० | ३ | ३ | ३ | |
| ३ | नवोदय आ वि दक्षिण अमराई | १० | ७ | १ | ४ | ० | ० | २ | ३ | ३ | |
| ४ | आ वि गुर्जे | १२ | ५ | २ | २ | ० | ० | १ | ३ | ३ | |
| ५ | आधारभूत विद्यालय सिमलतारा | १ | ८ | १ | १ | ० | ० | २ | ७ | ३ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | आधारभूत विद्यालय चाक्लिघाट | २ | ३ | ० | ० | ० | ० | ३ | ३ | ३ | |
| ७ | आधारभूत विद्यालय सुनपुर | ४ | ५ | १ | १ | ० | ० | २ | ४ | ३ | |
| ८ | महेन्द्र आधारभूत विद्यालय दलजीतपुर | ५ | ५ | ४ | २ | १ | ० | ० | ३ | ३ | |
| ९ | सिर्जनशील आ वि बाहुनडाँडा | १६ | ७ | ३ | ४ | ० | ० | ० | ३ | ३ | |
| १० | अम्बिकेश्वरी आ वि बेलघारी | १८ | ५ | ० | २ | ० | ० | ३ | ३ | ३ | |
| ११ | आ वि गिठेपानी | १८ | ७ | ० | ४ | ० | ० | ३ | ३ | ३ | |
| १२ | भूमी आ वि बाम्ला | १९ | ४ | १ | १ | ० | ० | २ | ३ | ३ | |
| १३ | आ वि सवारीकोट | ४ | ४ | ० | ० | ० | २ | १ | ६ | १ | |
| १४ | सरयु आ वि भैसकुर्मा | ३ | ७ | ० | ३ | ० | ० | ३ | ४ | ३ | |
| | **जम्मा** | **०** | **७७** | **१५** | **२८** | **१** | **२** | **२६** | **५१** | **४०** | **०** |
| १ | प्रा वि लख्वार | ६ | ३ | ० | ० | ० | ० | ० | ३ | ० | |
| २ | प्रा वि पक्वै | ६ | ४ | ० | २ | ० | ० | ० | २ | ० | |
| ३ | प्रा वि गुरुवागाउँ | ६ | ४ | ० | २ | ० | ० | ० | २ | ० | |
| ४ | जनता प्रा वि घुस्रा | ७ | ३ | ० | १ | ० | ० | ० | २ | ० | |
| ५ | रात्री प्रावि शुक्रवार | ७ | ३ | ० | १ | ० | ० | ० | २ | ० | |
| ६ | सर्वोदय प्रावि बुधौरा | ११ | २ | ० | ० | ० | ० | ० | २ | ० | |
| ७ | नारायण प्रावि सेवार | ८ | ३ | ० | १ | ० | ० | ० | २ | ० | |
| ८ | प्रा वि मुकुन्डाँडा | ९ | ४ | ० | १ | ० | ० | ० | ३ | ० | |
| ९ | प्रा वि त्रिवेणी कर्मटिया | ९ | ४ | ० | १ | ० | ० | ० | ३ | ० | |
| १० | विपीबाटिका प्रावि जलौरा | १० | २ | ० | ० | ० | ० | ० | २ | ० | |
| ११ | ज्ञानज्योति प्रा वि पेरेनी | ११ | ३ | ० | १ | ० | ० | ० | २ | ० | |
| १२ | प्रा वि खुमकोट | १२ | २ | ० | ० | ० | १ | ० | ३ | ० | |
| १३ | बालकल्याण प्रा वि नयाँबस्ती | ११ | ४ | ० | १ | ० | ० | ० | ३ | ० | |
| १४ | प्रा वि बाँसगजेरी | ११ | २ | ० | | ० | १ | ० | ३ | ० | |
| १५ | प्रा वि शिवपुर | ११ | ५ | ० | २ | ० | ० | ० | ३ | ० | |
| १६ | गुराँस प्रा वि गुरौं | १२ | ३ | ० | ० | ० | ० | ० | ३ | ० | |
| १७ | प्रा वि पेदा | १२ | ० | ० | ० | ० | २ | ० | २ | ० | |
| १८ | प्रा वि सिस्नेरी | १२ | ३ | ० | ० | ० | ० | ० | ३ | ० | |
| १९ | प्रा वि श्रीचौर | १२ | २ | ० | ० | ० | १ | ० | ३ | ० | |
| २० | प्रा वि माराकोट | १२ | २ | ० | ० | ० | १ | ० | ३ | ० | |
| २१ | प्राथमिक विद्यालय कर्मकोट | १ | ३ | ० | ० | ० | ० | ० | ३ | ० | |
| २२ | सिद्ध प्राथमिक विद्यालय हेक्राम | १ | २ | ० | ० | ० | १ | ० | ३ | ० | |
| २३ | प्रा वि माले | १ | ० | ० | ० | ० | २ | ० | २ | ० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | प्रा वि साहीपुर | २ | ४ | ० | १ | ० | ० | ० | ३ | ० | |
| २५ | सरयु रात्री प्रा वि सुर्केडाँगी | २ | ४ | ० | १ | ० | ० | ० | ३ | ० | |
| २६ | रात्री प्रा वि पलाँसे | २ | ४ | ० | १ | ० | ० | ० | ३ | ० | |
| २७ | प्रा वि सोरेठी रातामाटा | २ | २ | ० | ० | ० | १ | ० | ३ | ० | |
| २८ | गौरा बबै प्रा वि निमुरिया | २ | ३ | ० | ० | ० | १ | ० | ४ | ० | |
| २९ | रात्री प्रा वि बेलुवा | ३ | ३ | ० | १ | ० | ० | ० | २ | ० | |
| ३० | बाताबरणिय प्रा वि करौतिडाडाँ | १६ | ५ | ० | २ | ० | ० | ० | ३ | ० | |
| ३१ | सरस्वती प्रा वि मसोटखोला | ३ | ४ | ० | १ | ० | ० | ० | ३ | ० | |
| ३२ | पालु प्रा वि सिस्नेखाला | ४ | ४ | ० | १ | ० | ० | ० | ३ | ० | |
| ३३ | हरिओम प्रा वि भैसापथ्रा | ५ | ४ | ० | २ | ० | ० | ० | २ | ० | |
| ३४ | जनता प्रा वि डाँगीगाउँ | ५ | ४ | ० | १ | ० | ० | ० | ३ | ० | |
| ३५ | नेपाल राष्ट्रिय प्रा वि रज्जे | ५ | ३ | ० | ० | ० | ० | ० | ३ | ० | |
| ३६ | बराहक्षेत्र प्रा वि बसेरीखोला | ५ | १ | ० | ० | ० | २ | ० | ३ | ० | |
| ३७ | जनकल्याण प्रावि धारापानी | ५ | १ | ० | ० | ० | १ | ० | २ | ० | |
| ३८ | गणेश प्रा वि सेवार बगाले | १३ | ५ | ० | ३ | ० | ० | ० | २ | ० | |
| ३९ | बालकल्याण प्रा वि कलमघारी | १३ | २ | ० | ० | ० | ० | ० | २ | ० | |
| ४० | प्रा वि बालमन्दिर घोराही | १४ | ५ | ० | ० | ० | ० | ० | ५ | ० | |
| ४१ | दारुल हुदा मदरासा घोराही | १४ | २ | ० | ० | ० | १ | ० | ३ | ० | |
| ४२ | प्रा वि सानीअम्बापुर सर्रा | १६ | ३ | ० | १ | ० | ० | ० | २ | ० | |
| ४३ | प्रा वि हरिदार | १७ | ४ | ० | २ | ० | ० | ० | २ | ० | |
| ४४ | प्रा वि कर्जाही, गैरागाउँ | १७ | ६ | ० | ३ | ० | ० | ० | ३ | ० | |
| ४५ | रात्री प्रा वि क्वाडी | १७ | ५ | ० | ३ | ० | ० | ० | २ | ० | |
| ४६ | प्रा वि भैसाही | १७ | ४ | ० | १ | ० | ० | ० | ३ | ० | |
| ४७ | प्रा वि घोरदौरा | १८ | ३ | ० | ० | ० | ० | ० | ३ | ० | |
| ४८ | प्रा वि जोगीडाँडा | १८ | २ | ० | ० | ० | १ | ० | ३ | ० | |
| ४९ | प्रा वि मसिना | १८ | ५ | ० | ३ | ० | ० | ० | २ | ० | |
| ५० | नेपाल राष्ट्रिय प्रा वि लिथान | १९ | ३ | ० | ० | ० | ० | ० | ३ | ० | |
| ५१ | सुनाली प्रावि दम्ती डाँडागाउँ | १९ | २ | ० | ० | ० | १ | ० | ३ | ० | |
| ५२ | बराहक्षेत्र प्रा वि खानीगाउँ | १९ | ३ | ० | ० | ० | ० | ० | ३ | ० | |
| ५३ | राजा रजवाली प्रावि राम्चे | १९ | ३ | ० | ० | ० | ० | ० | ३ | ० | |
| ५४ | दोभान प्रा वि दुइखोली | १९ | ३ | ० | ० | ० | ० | ० | ३ | ० | |
| ५५ | पृथ्वी प्रा वि आमधारा | १९ | २ | ० | ० | ० | १ | ० | ३ | ० | |
| ५६ | सिद्धार्थ प्रा वि बोल्दी | १९ | ३ | ० | ० | ० | ० | ० | ३ | ० | |
| ५७ | जनता प्रा वि काउलेचौर | १९ | २ | ० | ० | ० | ० | ० | २ | ० | |
| ५८ | बालहित प्रा वि पटिञ्जा | १९ | ० | ० | ० | ० | २ | ० | २ | ० | |
| | **जम्मा** | | **१७६** | **०** | **४०** | **०** | **२०** | ० | **१५६** | ० | **०** |

**निर्णय नं. ३ :**

घोराही उपमहानगरपालिकाको पशु सेवा शाखा अन्तर्गत रहेका पशु सेवा केन्द्र नारायणपुर र पशु सेवा केन्द्र बाम्ला भाँडाको घरमा संचालन गर्दै आएको हुँदा पशु सेवा केन्द्र नारायणपुरको घर भाडा नियमानुसार १० प्रतिशत रकम वृद्धि गरि सम्झौता गर्ने र पशु सेवा केन्द्र बाम्ला,वडा नं. १९ को वडा कार्यालयको भवनमा संचालन गर्ने |

**निर्णय नं. ४ :**

घोराही उपमहानगरपालिका वडा नं. १३ श्री बराहक्षेत्र मा.वि.सेवारगाउँ दाङको च.नं. १५३ मिति २०७६/१/२ को विद्यालय व्यवस्थापन समितिको निर्णय एवं घोराही उपमहानगरपालिका १३ नं. वडा कार्यालयको च.नं. १८७ मिति २०७६।०४।१९ को पत्रानुसार साबिकमा जग्गा नापनक्सा हुँदा श्री बराहक्षेत्र मा.वि.को जग्गा व्यक्तिको नाममा नापनक्शा भएको र व्यक्तिको जग्गा विद्यालयको नाममा नापनक्शा कायम भै जग्गा धनी प्रमाण पुर्जा समेत सोही अनुसार प्राप्त भएको। हाल विद्यालयले भोगचलन गरेको जग्गा व्यक्तिको नाममा भएको तर उक्त जग्गा भित्र विद्यालयका सम्पूर्ण भौतिक संरचनाहरु निर्माण भई विद्यालय संचालन हुँदै आइरहेको, आगामी दिनमा  विद्यालयको थप भौतिक संरचना निर्माण गर्ने क्रममा व्यक्तिको नाममा भएको जग्गामा भौतिक संरचना  थप गर्दै जाँदा दिर्घकालिन रुपमा विद्यालयलाई असर पर्ने देखिएको साथै हाल विद्यालय संचालन भैरहेको स्थानबाट विद्यालयको नाममा नाप नक्शा भएको जग्गामा विद्यालय स्थानान्तरण गर्न अत्यधिक आर्थिक भार र विद्यालयको केन्द्र समेत पायक नपर्ने  भएको हुँदा भोगचलन अनुसार सट्टापट्टा गर्न विद्यालय व्यवस्थापन समिति र जग्गा धनीहरु सहमत भई सट्टापट्टा गर्न अनुरोध  भई आएको हुँदा उल्लेखित जग्गाको सरकारी मूल्य, चलनचल्ती मूल्य एवं बैंक धितो प्रयोजनार्थ कायम हुने मूल्य समेतलाई आधार मानी औसत मूल्य कायम गरी पेश गर्न सम्बन्धीत विद्यालय र शिक्षा युवा तथा खेलकुद महाशाखालाई निर्देशन दिने।

**तपशिलः**

जगतराम चौधरीका छोराहरुको नामबाट विद्यालयको नाममा दर्ता पास हुने जग्गाहरुको विवरण

| क्र.स. | जग्गाधनिको नाम थर | जग्गा रहेको | | | | |
|---|---|---|---|---|---|---|
| | | साविक जिल्ला | साविक गा.वि.स. | साविक वडा नं. | कि.नं. | क्षेत्रफल (व.मि) |
| १. | नेपालु चौधरी | दाङ | सेवार वनगाउँ | १क | ४७१ | १३५४।५२ |
| २. | असारे चौधरी | दाङ | सेवार वनगाउँ | १ क | ४७५ | १५५७।६९ |
| ३. | जुमलाल चौधरी | दाङ | सेवार वनगाउँ | १क | १९ | ०-५-६ |
| ४. | कन्हैयालाल चौधरी | दाङ | सेवार वनगाउँ | १क | २१ | ०-२-१४ |
| ५. | कन्हैयालाल चौधरी | दाङ | सेवार वनगाउँ | १क | ४७६ | ५५८।७६ |
| | जम्मा | | | | | ६१८०।०१ |

<u>विद्यालयको नामबाट जगतराम चौधरीको छोराहरुको नाममा रजिष्ट्रेशन पास हुने जग्गाहरुको विवरण</u>

| क्र.स. | जग्गाधनीको नाम थर | जग्गा रहेको | | | | |
|---|---|---|---|---|---|---|
| | | साविक जिल्ला | साविक गा.वि.स. | साविक वडा नं. | कि.नं. | क्षेत्रफल(व.मि.) |
| १. | कन्हैयालाल चौधरी | दाङ | सेवार वनगाउँ | १ख | १३ | ५८० |
| २. | कन्हैयालाल चौधरी | दाङ | सेवार वनगाउँ | १ख | १३ | ६९७ |
| ३. | जुमलाल चौधरी | दाङ | सेवार वनगाउँ | १ख | १३ | ६३५।५ |
| ४. | नेपालु चौधरी | दाङ | सेवार वनगाउँ | १ख | १३ | ८५६।६२ |
| ५. | असारे चौधरी | दाङ | सेवार वनगाउँ | १ख | १३ | ६८१।४३ |
| ६. | नेपालु चौधरी | दाङ | सेवार वनगाउँ | १ ख | १३ | ६३० |
| ७. | असारे चौधरी | दाङ | सेवार वनगाउँ | १ख | १३ | ७९०।६२ |
| ८. | असारे चौधरी | दाङ | सेवार वनगाउँ | १ ख | १३ | ६९३।७५ |
| ९. | चारै जनाको नाममा संयुक्त | दाङ | सेवार वनगाउँ | १ख | १३ | ५६४।२८ |
| | जम्मा | | | | | ६१७९।२० |

**निर्णय नं. ५:**

घोराही उपमहानगरपालिकामा निम्न संस्थाबाट तपशिल बमोजिमका कार्यक्रमका लागि आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग विविध शिर्षकबाट दिने ।

| क्र.स. | संस्थाको नाम | कार्यक्रमको नाम | सहयोग रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | प्रदेश नं.५ मुख्यमन्त्री कप, प्रदेश लिग फुटबल प्रतियोगिता - २०७६, वेल्झुन्डी रंगशाला, दाङ | प्रदेश लिग फुटबल प्रतियोगिता-२०७६ | २००००।०० | |
| २. | महिला स्वास्थ्य स्वयं सेविका समूह, घोराही उपमहानगरपालिका | तीज मिलन कार्यक्रम | ३००००।०० | |
| ३. | नेवार सेवा समिति | गाइजात्रा | १००००।०० | |
| ४. | शिवपार्वती तथा राधाकृष्ण मन्दिर व्यवस्थापन मन्दिर | प्रहरी विट निर्माण | | प्राविधिक ल.इ अनुसार |

**निर्णय नं. ६:**

घोराही उपमहानगरपालिकाको मिति २०७५/१०/२५ को चौथो नगर सभाबाट स्वीकृत भवन निर्माण अनुमति तथा इजाजत सम्वन्धी कार्यविधिको दफा ८ को अनुसूची २.१.१ ख बमोजिम घोराही उपमहानगरपालिका क्षेत्र भित्र निर्माण भएका घर, टहरा तथा अन्य संरचनाहरुलाई अभिलेखीकरण गर्न२०७६/५/५ सम्मका लागि दरखास्त फाराम आह्वान गरिएकोमा यस उपमहानगरपालिकाका सम्पूर्ण वडामा अझै घर नक्सा अभिलेखीकरण हुन बाँकी रहेको हुँदा अभिलेखिरणका लागि २०७६/०६/०५ सम्म म्याद थप गर्ने ।

**निर्णय नं.७:**

घोराही उपमहानगरपालिकाको सरसफाई वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७६/०५/०६ बसेको बैठकको तपशिल बमोजिमको निर्णय अनुमोदन गर्ने ।

७.१ यस घोराही उपमहानगरपालिका क्षेत्र भित्र अविरल वर्षा तथा बाढीका कारणले घर पूर्णरुपमा क्षति भएका देहाय बमोजिमका' पीडितहरुलाई निजहरुको आर्थिक अवस्था तथा वडा कार्यालयको सिफारिस पत्रको आधारमा प्रति परिवार बढीमा ५ (पाँच) बन्डल जस्तापाता उपलब्ध गराउने ।

तपशिलः

- वडा नं.४ निवासी श्री दुर्गा प्रसाद चौधरी
- वडा नं. ५ निवासी श्री छुमसरी थापा

**७.२** : घोराही उपमहानगरपालिका अन्तर्गत देहायका विपद पीडितहरुलाई नगर प्रमुखज्यूको तोक आदेश तथा मिति २०७४/६/२६ को १३ औं कार्यपालिका बैठकको निर्णयानुसार रु ५०००|०० (अक्षरुपि पाँच हजार मात्र) राहत उपलब्ध गराउने ।

- वडा नं. १९  निवासी श्री चन्द्र कुमारी पुन ।

**७.३**ः घोराही उपमहानगरपालिका वडा नं. १२ निवासी श्री मान बहादुर बस्नेतको घरमा मिति २०७६/४/१६ गते आगलागी भएको भन्ने वडा नं.१२ को च.नं.१५७ मिति २०७६/४/२२ को पत्रानुसार निज श्री मान बहादुर बस्नेतलाई घोराही उपमहानगरपालिकाको मिति २०७६/२/१२ को ५६ औं कार्यपालिका बैठकको निर्णयानुसार ५ (पाँच) बन्डल जस्तापाता उपलब्ध गराउने ।

७.४ः  घोराही उपमहानगरपालिका वडा नं. १९ को च.नं. ५२ मिति २०७६/५/३ को पत्रानुसार बाढी रोकथामको लागि मिति २०७६/५/६ को प्राविधिक मुल्यांकन अनुसारको खर्चको भुक्तानी रु ३२७१०(अक्षरुपि बत्तीस हजार सात सय दश मात्र) नगर विपद व्यवस्थापन कोषबाट दिने ।

७.५ घोराही उपमहानगरपालिका वडा नं. १ स्थित निर्माण भएको चेपे जलाशयले बाहुनटारी, राइटारी र चितुवाटारीको सडक  चेपे जलाशय निर्माण गर्दा बन्द हुँदा बैकल्पिक सडक निर्माण भएकोले प्राविधिक मुल्यांकन अनुसारको भैपरी शिर्षकबाट  भुक्तानी दिने ।

**निर्णय नं.८ः**

घोराही उपमहानगरपालिकाको आ.व. ०७६/०७७ को नीति तथा कार्यक्रम अनुसार घोराही उपमहानगरपालिकाको प्रशासनिक भवन निर्माण गर्न बजेट विन्नियोजन भएको र सो सम्वन्धमा कार्यपालिकाक ६४ औं बैठकबाट भवन निर्माणका लागि DPR निर्माण गर्ने  भनि निर्णय भएको हुँदा उक्त DPR निर्माण गर्न प्रक्रिया अगाडी बढाउने ।

**निर्णय नं. ९:**

घोराही उपमहानगरपालिकाको वडा नं. १ र २ स्थित चेपे ड्याम पर्यटन प्रवर्द्धनका लागि समपुरक आयोजना अन्तर्गत ५ नम्बर प्रदेश संरचनाको समेत सहभागितामा आयोजना सम्पन्न गर्ने गरि ल.ई. तयार गरी अनुदानका लागि प्रदेश सरकारसंग अनुरोध गर्ने ।

**निर्णय नं. १०:**

नगरपालिकाको वर्गिकरण सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८ (ख) ३ अनुसार प्रत्येक उपमहानगरपालिकामा कम्तीमा एक सय शैयाको एक अस्पताल सहित कम्तिमा दुई सय शैयाको अस्पताल सुबिधा भएको हुनुपर्ने भनि उल्लेख भएको र घोराही उपमहानगरपालिकाको सन्दर्भमा उपर्युक्त सुविधा सहितको अस्पताल नभएको हुँदा उपमहानगरपालिका स्तरीय अस्पताल निर्माणका लागि संघ सरकारसंग विशेष अनुदान माग गर्ने ।